# आ.ब. २०८१।०८२ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

न्याय परिषद ऐन, २०७३ को दफा २९ (१) बमोजिम प्रत्येक न्यायाधीशले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्ति विवरण बुझाउनु पर्ने कानूनी व्यवस्था बमोजिम आ.ब. २०८१।०८२ को सम्पति विवरण न्याय परिषद नियावली, २०७४ को अनुसूची १२ को निर्धारित ढाँचाको फाराममा भरी प्रत्येक न्यायाधीशले खामबन्दी गरी देहायको विवरणहरु खामबाहिर उल्लेख गरी मिति २०८२ साल साउन १ गते देखि भदौ २९ गतेभित्र न्याय परिषद सचिवालयमा दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

देहायः

| आ.ब. २०८१/०८२ को सम्पत्ति विवरण | |
|---|---|
| न्यायाधीशको नामः | सिटरोल नं. |
| कार्यरत अदालतः | मोबाइल नं. |
| फोन नं. | इमेल ठेगानाः |

१. बिदा, काज, तालिम र निलम्बनमा रहेका न्यायाधीशलेसमेत अनिवार्य रुपमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

२. हुलाक/कुरियर वा अन्य कुनै निकायमा जुनसुकै मितिमा दर्ता भए तापनि न्याय परिषद सचिवालयमा म्यादभित्र प्राप्त भएको सम्पत्ति विवरण मात्र PIMS मा प्रविष्ट गरी अभिलेख राखिनेछ। मिति २०८२ भदौ २९ गते पश्चात प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानिनेछ।

३. सम्पत्ति विवरण समयभित्र प्राप्त भई दर्ता भएको जानकारी खाममा लेखिएको मोबाइल नम्बरमा SMS द्वारा जानकारी गराइने छ।

४. यस सचिवालयको वेबसाइट www.jcs.gov.np बाट सम्पत्ति विवरण फाराम डाउनलोड गर्न सकिनेछ। अन्य जानकारीका लागि यस सचिवालयको फोन नं. ०१-४२००७७५, ०१-४२००७७६ र ९८५१२६३५९२ तथा इमेल info@jcs.gov.np मार्फत सम्पर्क गर्न सकिनेछ।

द्रष्टव्यः- सम्पत्ति विवरण पेश गरी दर्ता गराउने दायित्व सम्बन्धित न्यायाधीशको भएकोले खाम बाहिर पुरा विवरण नभरेको वा गलत विवरण भरेको वा म्याद गुज्रेको कारण सम्पत्ति विवरण दर्ता हुन नसकेमा त्यसबाट हुने जरिवाना लगायतका विषयमा सम्बन्धित न्यायाधीश नै जिम्मेवार हुनु पर्नेछ।